उदयपुर जिल्ला अदालत, गाईघाट, बोक्से ।

# सूचना । सूचना ।। सूचना ।।।

नेपालमा सरकारी कामकाजको भाषा नेपाली भएको तर नेपाली भाषा राम्रोसँग नबुझ्ने व्यक्तिहरु समेत न्यायिक काम कारवाहीको सिलसिलामा अदालतमा आउँदा न्यायिक काम कारवाहीमा उनीहरुलाई असुविधा हुने महसुस गरी सरकारी कामकाजको भाषा नवुझ्ने सेवाग्राहीलाई सूचीकृत विज्ञ दोभाषेवाट उल्था गराई उनीहरुलाई वुझ्ने भाषामा न्यायिक सेवा प्रदान गर्न यस अदालतले योग्य दोभाषे छनौंट गरी दोभाषेको सूची तयार गर्नु पर्ने भएकाले अदालतको काम कारवाहीमा दोभाषेको सेवा प्रयोग सम्वन्धी निर्देशिका,२०७२ को दफा ४ वमोजिम देहाय वमोजिमको योग्गता भएका ईच्छुक उम्मेदवार मध्येवाट दरखास्त आह्वान गरिन्छ :

- **उम्मेदवारको योग्यताः-**

१. उल्था गर्ने भाषा राम्रोसँग लेख्न वोल्न जान्ने ।

२. सरकारी कामकाजको भाषा राम्रोसँग वुझ्न,लेख्न र बोल्न जान्ने ।

- **उल्था गर्नु पर्नेः- सरकारी कामकाजको नेपाली भाषामा**

**<u>तोकिएका भाषाहरु :-</u>**

१. मैथली
२. भोजपुरी
३. राई वान्तावा
४. चाम्लिङ्ग
५. मगर
६. तामाङ्ग
७. लिम्बू
८. शेर्पा
९. थारु
१०.नेवारी
११.हिन्दी
१२.अग्रेजी

- **दोभाषेको पारिश्रमिकः-** सेवा प्रदान गरे वापत स्वदेशी भाषाको हकमा प्रतिदिन रु.१,०००।- र विदेश भाषाको हकमा प्रतिदिन रु.२,०००।- ।
- **दरखास्त दिने अवधिः-** सूचना प्रकाशित भएको मितिले १ महिना ।
- **सूचना प्रकाशित मितिः-** २०७५/०२/१८
- अन्य कुनै कुरा बुझ्नु पर्ने भए यस अदालतका श्रेस्तेदार वा प्रशासन शाखामा सम्पर्क राख्नु होला ।

फोन नं. ०३५-४०१९४ मोवाईल नं.-९८४२८२६३०५